**२०७६ साल पौष २४ गते बिहीबार दिनको ३:०० बजे बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कर्मचारीको पदस्थापना तथा सरुवा सम्बन्धी मापदण्ड, २०७६ स्वीकृत गरियो।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रदेश समन्वय परिषद्को बैठक खर्चको रकमान्तर स्वीकृति र खर्च समर्थन गरियो।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन तथा विधेयक समितिको प्रतिवेदन साथ संलग्न परिमार्जित गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिइयो।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रदेशको सार्वजनिक ऋण व्यवस्थापन विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिइयो।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिइयो।

६. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको होमस्टे सञ्चालन सम्बन्धी विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिइयो।

७. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ स्वीकृत गरियो।

८. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रदेश दुग्ध विकास बोर्डको सदस्य सचिवमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका नेपाल कृषि सेवाका अधिकृतस्तर नवौं तहका डा. गृष्म न्यौपानेलाई नियुक्ति गरियो।

९. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको व्यवसाय इन्कुवेसन सेन्टर स्थापना तथा सञ्चालन सम्बन्धी विषयको प्रस्ताव स्वीकृत गरियो।

१०. सामाजिक विकास मन्त्रालयको गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न बनेको विधेयक स्वीकृत गरी आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश सभामा पेश गर्न स्वीकृति दिइयो।